का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ भदौ २०७९,
बिहीबार
25 August 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २०१ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com



# राष्ट्रपतिको राजीनामा चर्चा

पुनर्बिचारका लागि फिर्ता गरेको नागरिकता विधेयक जस्ताको तस्तै अगाडि बढाइएसंगै राष्ट्रपति विद्यादेवी भण्डारीले भेटघाट बढाएकी छन् । भेटघाट बाक्लिएसँगै उनको राजीनामाको चर्चा भएको छ ।

■ मुकुन्द लामिछाने/मध्यान्ह

बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो सुरक्षामा खटिएका वर्तमान र पूर्व सुरक्षाअधिकारीहरुसँग भेटघाट गरेपछि नेपाली राजनीतिमा तरंग आएको छ । खासगरी पुनर्बिचारका लागि फिर्ता पठाएको नागरिकता विधेयक सरकार र सत्तारुढ गठबन्धनले जस्ताको तस्तै अगाडि बढाएसंगै राष्ट्रपति विद्यादेवी भण्डारीले भेटघाट बढाएकी हुन् । भेटघाटका क्रममा उनले नागयरकता विधेयक प्रमाणिकरण गर्नुअघि राजीनामा दिने मुड बनाएको उनलाई भेटेका अधिकारीहरुले बताएका छन् ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका नेताहरुसँग राष्ट्रपतिले राजीनामा दिने मुड बनाएको आफुले बुझेको भन्दै अब के गर्ने भनेर परामर्श लिएका छन् । यसले पनि राष्ट्रपतिले राजीनामा दिने मुड बनाएको विषयलाई थप पुष्टि गरेको नेताहरु बताउँदछन् ।

पूर्ववर्ती केपी शर्मा ओली नेतृत्वको सरकारले नागरिकता विधेयक २०७५ सालमै संसदमा ल्याएको थियो । तर, वैवाहिक अंगीकृत नागरिकताको विषयमा कुरा नमिल्दा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा नागरिकता विधेयक २२ महिनासम्म अड्कियो । राज्य व्यवस्था समितिले नेपालमा बिबाह गरेर आउने विदेशी बुहारीले ७ बर्षपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता पाउने गरी समितिको प्रतिवेदन बहुमतका आधारमा पारित गरेको थियो । त्यसबेला फरकमत राखेको कांग्रेसले आफु सरकारमा गएपछि वैवाहिक अंगीकृत नागरिकताको विषयमा विगतमा रहेको अडान अनुसार नै अध्यादेश जारी गऱ्यो । पाँच दलीय गठबन्धनको समर्थनमा प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित भएर गएको नागरिकता विधेयक राष्ट्रपतिले फिर्ता पठाइदिएकी थिइन् । पुनर्बिचारका लागि फिर्ता पठाएको नागरिकता विधेयक जस्ताको तस्तै प्रतिनिधिसभाबाट पारित भइसकेको छ । राष्ट्रपतिले आफुले पुनर्बिचार गर्न भनी पठाएको १५ बुँदे संदेशमा केही छलफल नभएको भनी उनले असन्तुष्टि व्यक्त गरेकी हुन ।

प्रतिनिधिसभाबाट पुनः पारित भएको नागरिकता विधेयक राष्ट्रिय सभामा पुगेको छ । राष्ट्रिय सभाले पनि पारित गरेपछि पुनः प्रतिनिधिसभामा आएर नागरिकता विधेयक सभामुखबाट प्रमाणित हुँदै पुनः राष्ट्रपतिकहाँ प्रमाणिकरणका लागि पुग्छ । आफुले पुनर्बिचारका लागि फिर्ता पठाएको विधेयक जस्ताको तस्तै पुनः भएर आएमा के गर्ने ? भन्ने परामर्शमा समेत राष्ट्रपति भण्डारी रहेको उनी निकट अधिकारीहरु बताउँछन् । यही मेसोमा राष्ट्रपतिको राजीनामाको चर्चा भएको हो । राष्ट्रपति भण्डारी पहिलो पटक २०७२ कात्तिक १२ मा निर्वाचित भएकी थिइन् । उनी दोस्रो पटक २०७४ फागुन २९ मा निर्वाचित भएकी थिइन ।

विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं ।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं ।
- विज्ञापन प्राप्त गर्न अनुचित दवाव र प्रभाव नपारौं ।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# १५ भदौमा जबरासँग सोधपुछ



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ८ भदौ ।

महाअभियोग सिफारिस समितिबाट बुधबार पारित कार्यतालिका अनुसार निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले भदौ १५ गते सफाई पेश गर्ने मौका पाउने भएका छन् ।

उनीमाथि बिभिन्न २१ वटा आरोप लगाएर ९८ जना सांसदले १ फागुन २०७८ मा प्रतिनिधिसभामा महाअभियोग प्रस्ताव दर्ता भएको थियो । लामोसमयदेखि प्रतिनिधिसभामा महाअभियोग अड्किएका कारण जबराले आफुमाथि लागेका आरोपबारे सफाई पेश गर्ने मौका पाएका थिएनन् । प्रतिनिधि सभा नियमावली अनुसार काम सुरु गरेको ७ दिनभित्र जबरालाई सफाई पेश गर्ने मौका दिनुपर्ने हुन्थ्यो ।

समितिको पहिलो बैठक १ भदौमा बसेको थियो । तर, सोही दिनलाई काम सुरु गरेको नमानेर समितिले १५ गतेलाई बोलाउने निर्णय गरेको छ । समितिले काम सुरु गरेको दिन बुधबारलाई मानेको छ ।

जबरालाई बोलाउनुअघि समितिले ९ देखि १२ भदौसम्म प्रमाण संकलन गर्ने र त्यसमाथि अध्ययन गर्नेछ । १९ भदौमा प्रतिनिधिसभालाई प्रतिवेदन बुझाउने कार्यतालिका छ ।

जबराविरुद्धको महाअभियोग

# अध्ययनको शुरुमै एमालेको फरक मत

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरामाथिको अध्ययनको सुरुमै एमालेले फरक मत दर्ज गरेको छ । जसमा महाअभियोग प्रस्ताव दर्ता गर्नु र अध्ययनमा ढिलाई हुनुका कारण खोजिएको छ ।



शिवराज परियार/मध्यान्ह
काठमाडौं, ८ भदौ ।

१ फागुन २०७८ मा दर्ता भएको निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरामाथिको अध्ययन बल्ल सुरु भएको छ । महाअभियोग दर्ता भएपछि २२ फागुमा महाअभियोग सिफारिस समिति बनेको थियो । तर, लामो समयसम्म महाअभियोग समितिमा जान सकेन । २२ साउनमा आएर सरकार र सत्तारुढ गठबन्धनको जोडबलमा महाअभियोग सिफारिस समितिमा पुगेको थियो । समितिले विजनेश पाएपनि समितिको बैठक बस्नमा ढिलाई भयो । विजनेश पाएको १० दिनपछि १ भदौमा समितिको पहिलो बैठक बस्यो । पहिलो बैठकले कार्यविधि पारित गर्न सकेन । पहिलो बैठक बसेको सात दिनपछि दोस्रो बैठक भदौ ७ गते बस्यो । एमालेले महाअभियोग ढिलो गरी अगाडि बढाइनुको कारण थाहा पाएर मात्रै अगाडि बढ्नुपर्ने अडानमा रहेका कारण दोस्रो बैठक पनि निस्फल भयो ।

तेस्रो बैठकमा एमालले फरक मत राखेर अगाडि जान तयार भयो । सत्ता गठबन्धन पनि फरक मतलाई स्वीकार जान तयार भएपछि महाअभियोग सिफारिस ससिति मुल विषयमा प्रवेश गरेको छ ।

एमालेले राखेको तीन बुँदे फरकमा महाअभियोग प्रस्ताव प्रतिनिधिसभा सचिवालयमा दर्ता भएकामा समितिमा पठाउन ढिलाइ गर्नुको कारण माग गर्ने विषय छ । प्रतिनिधिसभा नियमावलीअनुसार महाअभियोगमाथि छानबिनका लागि समितिले ३ महिना समय पाउनुपर्नेमा नपाउने अवस्था आउनुको कारण पनि माग गर्नुपर्ने भनिएको छ । सभामुखले बेलैमा महाअभियोग सिफारिस समितिमा महाअभियोग प्रस्ताव नपठाएका कारण चुनावअघि छानबिनका लागि ३ महिना समय नपाउने अवस्था भनी फरक मत दर्ज गरिएको छ । एमालेले समितिको प्रतिवेदन संसदमा पेस हुने र निर्णयार्थ पेस हुने सुनिश्चितता पनि माग गरेको छ । एमाले सांसदहरु विष्णु पौडेल, लालबाबु पण्डित, शिवमाया तुम्बाहाङ्फे र कृष्णभक्त पोखरेलले हस्ताक्षर गरेर आफ्नो फरक मत ज्येष्ठ सदस्य रामबहादुर विष्टलाई बुझाएका छन् ।

एमालेको फरक मत सँगै बुधबारको समितिले आन्तरिक कार्यविधि र कार्यतालिका पारित गरेको छ ।

पारित कार्यतालिका अनुसार प्रधानन्यायाधीश जबरालाई भदौ १५ गते सोधपुछ गर्न बोलाइनेछ । महाअभियोग सिफारिस समितिले बुधबार पारित गरेको कार्यतालिकामा ९ देखि १२ भदौसम्म जबराविरुद्धको प्रमाण संकलन गर्ने र त्यसमाथि

– बाँकी पृष्ठ २ मा

# विभागद्वारा म्यानपावरको शाखा विवरण बुझाउन उर्दी

मध्यान्ह संवाददाता
काठमाडौं, ८ भदौ

म्यानपावर कम्पनीलाई शाखा सञ्चालनको नयाँ अनुमति नदिएको वैदेशिक रोजगार विभागले यस अगाडि शाखा सञ्चालनको अनुमति पाएका म्यानपावर कम्पनीलाई चार दिनभित्र विवरण बुझाउन भनेको छ ।

विभागले बुधबार एक सूचना जारी गर्दै हाल कुनै पनि म्यानपावर कम्पनीलाई शाखा कार्यालय सञ्चालनको अनुमति नदिएको भएपनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट शाखा सञ्चालनको अनुमति पाएको भनी केही समूहले प्रचारप्रसार गरेकोले भ्रममा नपर्न आग्रह गरेको छ ।

त्यसैगरी विभागले वैदेशिक रोजगार व्यवसायीहरूलाई भदौ १२ गतेभित्र विभागबाट शाखा सञ्चालनको अनुमति पाएको भए त्यसको विवरण बुझाउन भनेको छ । विवरणमा शाखा अनुमति लिएको मिति, शाखा कार्यालय सञ्चालन मिति, शाखा कार्यालयको पूरा ठेगाना, उक्त कार्यालयको फोन नम्बर र इमेल एड्रेस, शाखा प्रमुखको नाम, शाखा प्रमुखको नयाँ र पुरानो दुई पूरा ठेगाना र मोबाइल नम्बर विभागको इमेलमा पठाउनुपर्ने बताएको छ ।

विभागले २७ वटा म्यानपावर कम्पनीका मात्रै आधिकारिक शाखा रहेको बताएको छ । विभागबाट शाखा संचालन अनुमति पाएका म्यानपावर कम्पनीले शाखा कार्यालय सञ्चालन गरेका भएपनि संस्थागतरुपमा इजाजतपत्र नलिएकाहरूले पनि सानो कोठामा म्यानपावर

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## बोर्डका कार्यकारी निर्देशक डा. उप्रेतीले सम्हाले कार्यभार

**काठमाडौं/मस–** वैदेशिक रोजगार बोर्डका नवनियुक्त कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले संस्थालाई स्वायत्तरूपमा प्रभावकारी बनाउँदै वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउने बताएका छन् । गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकबाट बोर्डको कार्यकारी निर्देशकमा नियुक्त भएका उप्रेतीले बुधबार कार्यभार सम्हालेका छन् । उनको कार्यकाल चार वर्ष रहनेछ । त्यस अवसरमा उप्रेतीले वैदेशिक रोजगारमा गएका नेपाली युवायुवती नेपालमा रहेका परिवारका सदस्यहरुलाई सहज हुने गरी यस क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाइने बताए । राष्ट्र निर्माणका लागि युवा जनशक्तिलाई स्वदेशमा नै रोजगारी दिएर परिचालन गर्नुपर्ने भन्दै उनले वैदेशिक रोजगारलाई सधैंभरी महत्व दिएर प्रवर्द्धन गर्न नहुने बताए ।

एक्सनमा मेयर शाह

# अवैध संरचनामाथि महानगरको डोजर

अवैध रुपमा वर्षौदेखि बस्दै आएका व्यापारी र घरबेटीलाई भने मेयर साहको एक्सनले आछुआछु पारेको छ । यद्यपि, मेयर साह यो काममा कति सफल होलान्, त्यो भने हेर्न बाँकी नै छ ।

कान्ति न्यौपाने /मध्यान्ह
काठमाडौं, ८ भदौ ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले अवैध रुपमा बनेका संरचना धमाधम हटाउन थालेका छन् । नक्सा पासबिनै अवैध रुपमा निर्माण गरिएका संरचना हटाउन उनी आफैं कम्मर कसेर लागेका हुन् । उनले यसको सुरुवात थापाथलीको नर्भिक अस्पतालबाट गरेका हुन् । तर, नर्भिक अस्पतालले भने उनको निर्देशनको अटेर गरि मेयर शाह क्षेत्राधिकार बाहिर आएको आरोप



लगाएको थियो ।

अस्पताल र भूमि सुधारकार्यालयबीच २०६५ जेठ १ जेठ २० वर्षका लागि सम्झौता भएको अस्पतालको दाबी छ । सम्झौतामा १ रोपनी ८ आना १ पैसा १ दाम क्षेत्रफलको जग्गाको भाडा वार्षिक ३७ हजार ९८९ रुपैयाँमा उल्लेख रहेको बताइएको छ । तरपनि, मेयर बालेनले नर्भिकको संरचना हटाएरै छाड्ने दाबी गरेका थिए । यद्यपि, अदालतमा उक्त विषयमा मुद्दा परेपछि अदालतले

– बाँकी पृष्ठ २ मा

# 'न्यूनतम योग्यता नपुगेका न्यायाधीशलाई हटाउन सकिन्छ'



**काठमाडौं/मस–** सर्वोच्च अदालतले निर्धारित न्यूनतम योग्यता नपुगेका न्यायाधीशलाई न्याय परिषद्ले हटाउन सक्ने आदेश गरेको छ। न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले मङ्गलबार न्यायाधीशको योग्यतासम्बन्धी संविधानले तोकेको व्यवस्थाअनुसार न्याय परिषद्ले जुनसुकै अवस्थामा पनि हटाउन सक्ने आदेश गरेको हो।

योग्यता नपुगेको उल्लेख गर्दै बर्खास्तमा पर्नुभएकी उच्च अदालत तुल्सीपुरकी न्यायाधीश रेणुका साहले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछि अदालतले उक्त आदेश गरेको हो।

'नियुक्ति गर्ने निकाय वा अधिकारीमा बर्खास्त गर्ने अधिकार पनि रहन्छ भन्ने कानूनी मान्यता रहेको छ,' आदेशमा भनिएको छ, 'कुनै योग्यता नपुगेको व्यक्तिलाई न्यायाधीश पदमा नियुक्ति गरिएको अवस्थामा सो कुरामा सुधारका लागि अन्य वैकल्पिक कानूनी समाधानको मार्ग नरहेको हुँदा न्याय परिषद्ले नै निर्णय लिनसक्ने अर्थमा पनि रिट निवेदकलाई पदमुक्त गरिएको विषयलाई हेर्नुपर्ने अवस्था रहेको देखिन्छ।'

कुनै सार्वजनिक जवाफदेहीको पदमा नियुक्तिसम्बन्धी निर्णय गर्ने निकाय वा पदाधिकारीको जवाफदेहीता अवश्य नै रहने र यसका अतिरिक्त, स्वयं नियुक्त हुने पदाधिकारीमा पनि सो कुराको जवाफदेहीता रहने आदेशमा उल्लेख छ। आदेशमा भनिएको छ, 'निर्धारित न्यूनतम योग्यता नपुगेका व्यक्तिलाई कुनै पनि सार्वजनिक जवाफदेहीता रहेको पदमा नियुक्त गर्नु हुँदैन।'

न्यायधीश नियुक्ति र पदमुक्त गर्नेसम्बन्धी समग्र प्रावधानहरु तथा न्यायिक अभ्यास र सिद्धान्तहरुको सापेक्षतामा पूर्ण सुनुवाइको अवस्थामा नै सबै प्रश्नहरुको निरुपण गर्नु उचित देखिएको आदेशमा भनिएको छ।

न्याय परिषद्को गत असार २४ गते बसेको बैठकले न्यायाधीश साहलाई योग्यता नपुगेको उल्लेख गरी बर्खास्त गर्ने निर्णय गरेको थियो। सोही निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन साहले दायर गरेका थिए। रिट निवेदनमा आफूले पाँच वर्ष काम गरिसकेपछि नियतवश हटाउने उल्लेख थियो।

परिषद्ले उच्च अदालतको न्यायाधीश बन्ने योग्यता नपुगेको उल्लेख गर्दै उनलाई न्यायाधीश पदबाट बर्खास्त गरेको थियो। सर्वोच्च अदालतको न्याय परिषद्ले योग्यता नपुगेका न्यायाधीशलाई हटाउन सकिने व्याख्या गरेको छ।

## जबराविरुद्धको ...

अध्ययन गर्ने उल्लेख छ। समितिले अध्ययन सकेर १८ वा १९ भदौमा प्रतिनिधिसभालाई प्रतिवेदन बुझाउने कार्यतालिका पारित गरेको छ।

## विभागद्वारा...

कम्पनीको शाखा हो भन्दै पासपोर्ट र रकम संकलन गरेको पाइएपछि विवरण माग गरिएको विभाग स्रोतले बतायो।

वैदेशिक रोजगार ऐनले एजेन्ट व्यवस्था खारेज गरिसकेको भएपनि कतिपय व्यक्तिले आफूलाई आधिकारिक ऐजेन्ट भन्दै पासपोर्ट र रकम संकलनको धन्धा चलाइरहेको बताइएको छ।

## एक्सनमा...

अन्तरिक आदेश जारी गरेको छ र उक्त मुद्धा अदालतमा पुगेको छ। तर, उनको अवैद्य संरचना हटाउने कामले भने निरन्तरता पाइरहेको छ। उनले बानेश्वर एरियाको अन्डरग्राउन्डमा रहेका पसलहरु भने हटाएका छन्। पार्किङका लागि भनेर बनाईएको स्थानमा पसल राखेको भन्दै तत्काल हटाउन निर्देशन गरेका हुन्। 'तपाईंलाई ३५ दिने सूचना दिइएको थियो। किन अटेर गर्नुभयो। पसलका बारेमा घरबेटीसँगै बुझ्नुस्। यो विषय हाम्रो होइन' अनुगमनका क्रममा मेयर शाहले भने।

हुनत, महानगरले ३५ दिनअघि नै अन्डरग्राउन्डका पसल हटाउन र हटाएका स्थानमा पार्किङको व्यवस्था गर्न सूचना नै जारी गरेको थियो। तर, व्यवसायीले अटेर गरेपछि उनी आफैं मैदानमा उत्रिएका हुन्।

पटक-पटक सम्झाउँदा, बुझाउँदा पनि अटेर गरेपछि पार्किङका लागि बनेका संरचनामा पसल राखिएको देखिएपछि डोजर लगाएरै हटाउनुपरेको महानगरका नगर प्रहरी प्रमुख राजु पाण्ड बताउँछन्। बुधबार बिहान पनि मेयर बालेन,सुरक्षाकर्मीको टोली सहित गएर सुन्धारास्थित काठमाडौं मलमा निर्माण गरिएका अवैध संरचनामा डोजर चलाएका छन्।

महानगरले खिचापोखरीस्थित आरबी कम्प्लेक्स अगाडि नक्सापासबिनै बनाइएका संरचना पनि भत्काएको छ। मेयर बालेन सहितको टोलीले आरबी कम्प्लेक्स अगाडिका अवैध संरचनामा डोजर लगाएका हो।

त्यस्तै, महानगरले न्यूरोडस्थित रञ्जना गल्लीभित्र नक्सापासबिनै बनेका भवन भत्काएको छ। भूमिगत पार्किङलाई निरुत्साहित गरेर नक्सा विपरीत बनाइएका संरचना भत्काइएको हो। त्यत्तिमात्रै होईन, काठमाडौं जिल्ला अदालतमा रहेको पार्किङ पनि छिट्टै खाली गराएर त्यसलाई सञ्चालनमा ल्याउने तयारीमा मेयर शाह देखिएका छन्। साथै, मेयर साहले गैरकानुनी संरचना बनाएर भाडामा लगाउने व्यक्तिले नै त्यसको क्षतिपूर्ति दिनुपर्ने र महानगर त्यसमा जिम्मेवार नहुने अभिव्यक्ति समेत दिएका छन्। अवैध रुपमा वर्षोदेखि बस्दै आएका व्यापारी र घरबेटीलाई भने मेयर साहको एक्सनले आछुआछु पारेको छ। यद्यपि, मेयर साह यो काममा कति सफल होलान्, त्यो भने हेर्न बाँकी नै छ।

### सर्टिफिकेट हराएको सूचना

मिति २०७९/०१/२२ गते पेप्सीकोला देखि नयाँ बानेश्वर सम्म जाँदा मेरो त्रिभुवन विश्वविद्यालयको व्यवसाय अध्ययन शास्त्री स्थरको सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध छ।

नामः दिपा तामाङ
रजिष्ट्रेसन नं.: ७-२-५२४-१५-२०१०
सम्पर्क नं.: ९८१८३२९२७९

# ठगी गर्ने १९ हजार व्यापारीलाई कारबाही

**काठमाडौं/मस–** नेपाल नापतौल तथा गुणस्तर विभागले पछिल्लो समय नापतौल यन्त्र प्रयोग गरी ठगी गर्ने व्यापारीको निगरानी बढाएको छ। विभागले आर्थिक वर्ष २०७८/७९ मा अनियमित रुपमा नाप्ने तौलने यन्त्र प्रयोग गरी देशभरका विभिन्न स्थानका उपभोक्तालाई ठगी गर्ने १९ हजार १४ व्यापारीलाई कारबाही गरेको छ।

विभागका अनुसार काठमाडौंबाट आठ हजार आठ सय ५१, पोखराबाट एक हजार छ सय ७९, बुटवलबाट एक हजार ६४, नेपालगञ्जबाट एक हजार ५०, सुर्खेतबाट चार सय नौ, धनगढीबाट एक हजार ६७, सिलगढीबाट एक सय ७४, वीरगञ्जबाट एक हजार दुई सय ५१, जनकपुरबाट एक हजार एक सय ३९, विराटनगरबाट एक हजार चार सय ८५ र झापाबाट आठ सय ४५ व्यापारीलाई कारबाही गरिएको हो। विभागका प्रवक्ता ज्योति जोशी भट्टले नाप्ने र तौलने यन्त्रको प्रयोग गरी उपभोक्तालाई ठगी गरेकाले विभागले उनीहरुलाई कारबाही गरेको जानकारी दिइन्।

उनले पछिल्लो समय नापतौल यन्त्रमार्फत उपभोक्ता ठगी गर्ने क्रम बढेकाले उनीहरुमाथि विभागले विशेष निगरानी बढाएको बताइन्। अनुगमनका क्रममा कतिपय व्यापारीले यन्त्रको दर्ता नगराएको र दर्ता गरेका व्यापारीले पनि नवीकरण नगरेको भेटिएको विभागले जनाएको छ। त्यस्ता व्यापारीमाथि कारबाही गर्दै आइएको प्रवक्ता भट्टले बताइन्।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०९**

**क्रिस्टल एकेडेमी प्रा.लि.**को मिति २०७९/०३/१० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **वेदाङ्ग इन्टरनेशनल स्कूल प्रा.लि. (प्रा.लि. नं. ३२९६६)** कायम गर्ने गरी मिति २०७९/०५/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७२/११/०३ मा दर्ता भएको **प्रा.लि. नं. १४५२५४** को **थर्ड आइ ड्रिम नेपाल प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हकदावी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०५/०९**

यस कार्यालयमा मिति २०७८/०४/२५ मा दर्ता भएको **प्रा.लि. नं. २६७३५८** को **समर इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## JAGDULLA HYDROPOWER COMPANY LIMITED
## जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड

Baneshwor -10, Kathmandu

### Request for Expression of Interest (EOI)

**Date of publication: August 25, 2022**

1. Jagdulla Hydropower Company Limited (JHCl), invites Expression of Interest (EOI) from eligible Consulting Firms to provide the following Consulting Services. EOI document shall be delivered through online e-GP system (www.bolpatra.gov.np) only.

| EOI No. | Name of the Services | Last Date, Time of EOI submission and Opening | Minimum Score to Pass |
|---|---|---|---|
| (Contract No. JHCL/JHEP/ CS/NCB/2079-80/03 | Consulting Services for Detailed Feasibility Study of Transmission Line of Jagdulla PRoR Hydroelectric Project (106 MW). | **September 11, 2022** at or before 12:00 hrs and 13:00 hrs respectively | **70 Out of 100** |

2. EOI shall be assessed based on the **Qualification & Experience of the Key Expert (30%), Experiences of Consulting Firms (60%), and Capacity of the Consulting Firms (10%).**
3. Interest Eligible Consultants may obtain further information from the JHCL's Office during office hours (**Contact No. : 01- 4479242 or web: www.jhcl.com.np**) or visit PPMO's e-GP system: **www.bolpatra.gov.np/egp** under the name of Jagdulla Hydropower Company Limited (JHCL).

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ
१ नं प्रदेश, नेपाल

### E-BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।०५।०९**

यस उर्लाबारी नगरपालिकामा आ.व. २०७९।०८० मा उर्लाबारी न.पा. को कार्यालयमा मसलन्द तथा स्टेशनरी सामनहरु खरिदको लागि बोलपत्र नं. जिन्सी ०१/०७९/०८० मिति २०७९।०५।०९ मा E-BID मार्फत बोलपत्र आव्हान गरिएकोले यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जनकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/epg वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**प्रमुख प्रशासकिय अधिकृत**


## Free Visa ! Free Ticket ! Free Recruitment ! (Zero Cost) सहित QATAR मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : TEYSEER SERVICES COMPANY WLL — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०२/२४ — चलानी नं.: ६०१८०५३८ — LT. No.: 264518 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 11 | 0 | स. काममा दक्ष | 1300 | ४४,१२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Clerical | 4 | 0 | | 2100 | ७१,२७४ | | | | | | | |
| 3. | Cooker | 12 | 0 | | 1500 | ५०,९१० | | | | | | | |
| 4. | Driver | 5 | 0 | | 1800 | ६१,०९२ | | | | | | | |
| 5. | Guard | 1 | 0 | | 1500 | ५०,९१० | | | | | | | |
| 6. | Labourer | 25 | 0 | | 1000 | ३३,९४० | | | | | | | |
| 7. | Mens Barber | 2 | 0 | | 1200 | ४०,७२८ | | | | | | | |
| 8. | Safety And Health Tech | 1 | 0 | | 1900 | ६४,४८६ | | | | | | | |
| 9. | Supervisor | 6 | 0 | | 2500 | ८४,८५० | | | | | | | |
| 10. | Supervisor Sala Area | 1 | 0 | | 2500 | ८४,८५० | | | | | | | |
| 11. | Technician | 6 | 0 | | 1300 | ४४,१२२ | | | | | | | |
| 12. | Waiter | 7 | 0 | | 1400 | ४७,५१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौ १६ गते (1 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

## SAUDI मा रोजगार |

कम्पनी : A CARE COMPANY FOR HUMAN RESOURCES — शहर : Saudi Arabia,RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०४/३० — चलानी नं.: ६०१८५४९३ — LT. No.: 269523

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 17 | 0 | स. काममा दक्ष | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान र मितिः
तिलोत्तमा टेर्निङ सेन्टर, बुटवलमा २०७९ भदौं १९ गते (4 Sep. 2022) मा हुनेछ।
सि.पि. होटल, विर्तामोड, झापामा २०७९ भदौं २० गते (5 Sep. 2022) मा हुनेछ।
मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौं २१ गते (6 Sep. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- विनायक होटल (छेउ), विर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440
CREATING VALUE THROUGH PEOPLE

## कतारमा वैदेशिक रोजगार |

कम्पनी : LINC FACILITY SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/१०/२८ — चलानी नं.: ६०१७४३४४ — L.T. No.: 257908 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | स. काममा दक्ष | 1800 | ६२,६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 8 | 0 | | 2050 | ७१,३८१ | | | | | | | |
| 3. | Electric Technician | 5 | 0 | | 1950 | ६७,८९९ | | | | | | | |
| 4. | Electronic Technician | 3 | 0 | | 1950 | ६७,८९९ | | | | | | | |
| 5. | Engineer | 1 | 0 | | 8150 | २,८३,७८३ | | | | | | | |
| 6. | Foreman | 10 | 0 | | 2700 | ९४,०१४ | | | | | | | |
| 7. | Gen Clean Worker | 20 | 20 | | 1000 | ३४,८२० | | | | | | | |
| 8. | Labourer | 28 | 0 | | 1000 | ३४,८२० | | | | | | | |
| 9. | Mason | 2 | 0 | | 1800 | ६२,६७६ | | | | | | | |
| 10. | Painter | 6 | 0 | | 1800 | ६२,६७६ | | | | | | | |
| 11. | Plumber | 7 | 0 | | 1800 | ६२,६७६ | | | | | | | |
| 12. | Supervisor | 20 | 15 | | 3350 | १,१६,६४७ | | | | | | | |
| 13. | Truck Driver | 10 | 0 | | 2050 | ७१,३८१ | | | | | | | |

## UAE मा रोजगारको अवसर |

१. कम्पनी : AL SAFEER GROUP OF COMPANIES — शहर: SHARJAH
पूर्व स्वीकृत मितिः २०७८/०८/२३ — चलानी नं.: ६०१७००३४ — L.T. No.: 253411 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales | 30 | 20 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,६०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | cashier | 0 | 20 | | 1400 | ४९,५३८ | | | | | | | |

२. कम्पनी :CITIZEN BUILDING CLEANING SERVICES LLC — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/०९ — चलानी नं.: ६०१६६३४१ — L.T. No.:249420 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 40 | 40 | स. काममा दक्ष | 900 | ३१,२०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १६ गते (1 Sept. 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

ROTARY OVERSEAS PVT. LTD.
Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com




PRE OPENING ULTRA LUXURY 5 STAR HOTEL

कम्पनी : AL FARDAN HOTELS & RESORTS (St. REGIS HOTEL) — शहर: DOHA
पूर्व स्वीकृत मितिः२०७९/०५/०८ — चलानी नं.: ६०१८६०२४ — LT. No.: 270147

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HOTEL SERVICES | 6 | 1 | स. काममा दक्ष | 1800 | ६२,६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ भदौ १६ गते (1 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगर सम्पर्क गर्नुहोला।

HABTOOR INTERNATIONAL PVT. LTD.
Govt. Lic. No. 1147/073/74
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Tel: 01-4973377, 4983377 | Mob.: 9801159352, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com
GPO Box: 261, Basundhara-29, Kathmandu
Tel: 01-4983377, 4973377, Mob.: 9801059911, 9801059988 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

# अग्रज महिलाहरुलाई सम्मान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ भदौ




मानव अधिकारको लागि महिला, एकल महिला समूह (डब्लुएचआर)ले अग्रज महिलाहरुलाई सम्मान एवम् अभिनन्दन गरेको छ । बुधबार काठमाडौं हात्तीगौंडास्थित छहारी भवनमा आयोजित एक कार्यक्रमकाबीच डब्लुएचआरले राष्ट्र र समाजलाई सेवा पुऱ्याउँदै आएका अग्रज महिलाहरुलाई सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा अष्टलक्ष्मी शाक्य, भद्रकुमारी घले, तुला राणा, डा. मिना आचार्य, प्रा.लक्ष्मी केशरी मानन्धर, शान्ता मानवी, सावित्री अर्याल, सावित्री थापा, श्रद्धा पोखरेल, अम्बिका श्रेष्ठ, दुर्गा घिमिरे र चाँदनी जोशी रहेका छन् ।

कार्यक्रममा प्रमुख अतिथि भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले आज अग्रज महिलालाई सम्मान गरे भोलि हामीलाई पनि सम्मान गरिने बताइन् ।

उनले पुरुषको इतिहास लेखिए पनि महिलाहरुको भने इतिहास नलेखिएको गुनासो गरिन् । उनले भनिन्, 'पुरुषको इतिहास गाथा लेखियो तर महिलाको गाथा कहिल्यै लेखिएन ।'

नेपाली महिलाले हिजोदेखि आजसम्म राज्य सञ्चालनमा, युद्धको क्रममा वा सामाजिक परिवर्तन तथा शिक्षाको क्षेत्रलगायत विभिन्न क्षेत्रमा पुऱ्याएको योगदान नेपाली इतिहासमा कहिले पनि नलेखिएको उनको भनाइ थियो । जस कारण नेपाली समाजमा महिलालाई सधैं ओझेलमा पारिएको उनले बताइन् ।

मन्त्री श्रेष्ठले अझै पनि समाजमा महिलाले गर्ने कामलाई स्वीकार नगरिएको भन्दै महिलाहरु आर्थिकरुपमा सक्षम हुनुपर्नेमा जोड दिइन् । कार्यक्रममा नेकपा एमालेकी केन्द्रीय उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले विद्रोहबाट नै अधिकार प्राप्त गर्न सकिने भन्दै अधिकार प्राप्तिका लागि एकजुट हुन महिलाहरुलाई आग्रह गरिन् ।

शाक्यले वर्तमान समयमा व्यवस्था बदल्ने भन्दा पनि हामीमा भएको सोच विचार बदल्न आवश्यक रहेको धारणा व्यक्त गरिन् । उनले महिला हकहितका लागि विभिन्न संघसंस्था स्थापना भए पनि व्यवहारमा लागू नभएको भन्दै ती संस्थाको भर नपरी महिला आफैं सशक्त हुनुपर्नेमा जोड दिइन् ।

एकल महिला समूहकी संस्थापक तथा राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य लिली थापाले समाजमा सामाजिक, आर्थिक, राजनैतिक तथा न्यायमा पहुँच र आम नेपाली महिलाहरुको हक अधिकारका लागि आवाज उठाइरहेका महिलाहरुलाई अभिनन्दन गरेको बताइन् ।समाजमा महिलाहरुले योगदान गरेको भन्दै उनले पाँच दशकअघिको कुरा स्मरण गर्दै भनिन्, 'जेलमा परेका अहिलेका नेताहरुलाई मैचा दिदीले चिठ्ठी दिएर उहाँहरुको मद्दत गर्नभयो, र अहिले उही नेताहरु चर्चित हुनुहुन्छ, तर मैचा दिदीको नाम कहीँ छैन, कसैले चिन्दैन ।' महिलालाई भन्दा पुरुषलाई प्राथमिकता दिएको बताउँदै उनले 'हिज स्टोरी' भएको बताइन् ।

'सधैं हिज स्टोरी हुन्छ, तर अब हामीले 'हर स्टोरी' अर्थात् उनको स्टोरी भन्ने बनाउनुपर्छ' उनले कार्यक्रममा बोल्दै भनिन्, 'पुरुष भन्दा महिला कम छैनन् ।'

यस्तै कार्यक्रममा समाजसेवी तथा साहित्यकार भद्रा घलेले महिलाहरु हरेक क्षेत्रबाट अगाडि बढ्न अग्रसर हुनुपर्ने बताइन् । घलेले राजनीतिक, सामाजिक, आर्थिकलगायत विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने अग्रज महिलालाई सम्मान गरेकोमा खुसी व्यक्त गरिन् । उनले भनिन्, 'महिला सृष्टिकर्ता भएका कारण महिलालाई सम्मान गर्नपर्छ ।'

संस्थाकी अध्यक्ष कविता पाँणेले एकल महिला समूह २०५२ सालमा स्थापना भई एकल महिला सवलिकरण, सशक्तिकरण, नेतृत्व विकास तथा सामाजिक न्यायका लागि कार्य गर्दै आइरहेको बताइन् । पिछडिएका महिलालाई समावेशी कार्यक्रममा सहभागी गराउनका साथै संस्थाले महिलालाई स्वरोजगार पनि बनाइरहेको उनको भनाइ छ।

यस्तै उनले नेपाली समाजमा सामाजिक, आर्थिक, राजनैतिक तथा न्यायमा पहुँच र आम नेपाली महिलाहरुको हक अधिकार तथा सशक्तिकरणका लागि विभिन्न क्षेत्रमा रहेर राष्ट्र र समाजलाई अतुलनीय सेवा पुऱ्याउँदै आएका अग्रह महिलाहरुलाई संस्थाको तर्फबाट सम्मान तथा अभिनन्दन गर्न पाउँद खुसी लागेको बताइन् ।

कार्यक्रममा हस्तकला मेलासमेत भएको थियो । एकल महिलाहरूले बनाएका सामानहरु राखेर मेला गरिएको संस्थाकी प्रबन्धक राजीन रायमाझीले बताइन् ।

# डिएनए परीक्षण गर्न आदेश

**महेन्द्रनगर/मस–**उच्च अदालत जनकपुरले कुमारी आमाले प्रख्यात महोत्तरी जलेश्वरकी निहारिका सिंह राजपुतको बच्चा र शिवराज श्रेष्ठको डिएनए परीक्षण गर्न आदेश दिएको छ ।

न्यायाधीश भोजराज अधिकारी र रेखा थापा पाण्डेको संयुक्त इजलासले बुधबार यस्तो आदेश दिएको हो । निहारिकाले लामो समयदेखि आफ्नो छोराको अधिकारका लागि डिएनए परीक्षण माग गर्दै आएकी थिइन् ।

जिल्ला अदालत धनुषाले आरोपित शिवराजलाई निर्दोष ठहर गर्दै सफाइ दिएपछि निहारिकाले उच्च अदालतमा पुनरावेदन गरेकी हुन् । गत माघ २४ गते जिल्ला अदालतको न्यायाधीश पर्शराम भट्टराईको एकल इजलासले शिवराजलाई सफाइ दिएको थियो ।

सरकारी वकिल कार्यालय एवं जाहेरीवालाको तर्फबाट योदुनाथ शर्मा, मीरा ढुङ्गाना, वरिष्ठ अधिवक्ता सुनिता रेग्मी, शान्ति काफ्ले र रिङ्कुमारी यादवले बहस गरेका थिए । प्रतिवादी शिवराज श्रेष्ठको तर्फबाट श्याम मिश्रले बहस गरेका थिए ।

निहारिकाको नामबाट २०७६ माघ १९ गते 'नारी अस्मिताको रक्षा गरी जीवनरक्षा गरी पाउ' र सोही वर्ष फागुन ११ गते 'हकअधिकार दिलाइ पाउँ' भनी जिल्ला प्रहरी कार्यालय धनुषामा निवेदन परेको थियो । निवेदनमा जाहेरीवाला र प्रतिवादी श्रीमान् श्रीमती भनी उल्लेख थियो । सोही आधारमा जिल्ला अदालत धनुषाले २०७८ माघ २४ गते जबर्जस्ती करणी नभएको फैसला सुनाएको थियो ।

goodweave

*"Let's Promote GoodWeave against Child Labour"*

**Notice For AGM**

(संस्थागत तथा व्यक्तिगत निमन्त्रणा पत्र पनि छुट्टै पठाइएको छ ।)

**कार्यतालिका :**
मिति : २०७९ भाद्र २४ गते, शुक्रबार (सेप्टेम्बर ९, २०२२)
समय : दिउँसो १:१५ बजे देखि ४:०० बजे सम्म ।
स्थान : एयरपोर्ट होटेल, एयरपोर्ट गेट, काठमाण्डौ ।

**प्रस्तावहरु :**
१. गणपूरक संख्या सम्बन्धमा ।
२. माइन्यूट प्रमाणित समिति गठन सम्बन्धमा ।
३. एजेन्डा अनुमोदन सम्बन्धमा ।
४. लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
५. प्रगति प्रतिवेदन सम्बन्धमा ।
६. आर्थिक प्रतिवेदन सम्बन्धमा ।
७. कार्यसमितिको निर्णय अनुमोदन सम्बन्धमा ।
८. लेखा परिक्षक नियुक्ति सम्बन्धमा ।
९. संस्था नविकरणको लागि अख्तियारी दिने सम्बन्धमा ।
१०.कर्मचारी नियमावली तथा अन्य नीति संसोधनलाई अनुमोदन सम्बन्धमा ।
११.मुद्धती खाता (बाल कल्याण कोष) सम्बन्धमा ।
१२.विविध ।

**महासचिव**
**नेपाल गुडवीभ फाउण्डेशन**
पो.ब.नं.: १२६९८, मदन आश्रित मार्ग, गोठाटार, काठमाडौं ।
फोन नं.:+९७७-५१४८२१६/५१४८१३२, इमेल:info@goodweavenepal.org
वेबसाइट :www.goodweavenepal.org

**मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

**१. रोजगारदाता कम्पनी : प्यानलजोन एस.बि.**
**1. EMPLOYER COMPANY : PANELZONE SB**

| पूर्व स्वीकृत मिति: | २०७९/०५/०८ | चलानी नं.: | ६०१८६०८६ | एल टि नं.: | २६९७७४ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2022/08/24 | Invoice No.: | 60186086 | L.T. No.: | 269774 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब रिङ्गिट | मासिक तलब ने.रु. | ओभरटाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | दुई वर्ष |

**२. रोजगारदाता कम्पनी : प्रेसीशन स्प्रिंग्स (एम) एसडिएन बिएचडी**
**2. EMPLOYER COMPANY : PRECISION SPRINGS (M) SDN. BHD**

| पूर्व स्वीकृत मिति: | २०७९/०५/०६ | चलानी नं.: | ६०१८६०८७ | एल टि नं.: | २६९९५८ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2022/08/22 | Invoice No.: | 60186087 | L.T. No.: | 269958 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब रिङ्गिट | मासिक तलब ने.रु. | ओभरटाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | दुई वर्ष |

अन्तर्वार्ता ऐक्शेस पार्टनर्स अफिस, बानेश्वर, काठमाडौंमा अनलाईन मार्फत मिति १६ भदौ २०७९ गतेमा हुनेछ ।
Online Interview will be held at Access Partners Office at Baneshwor, Kathmandu on 1st September 2022.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्टयाम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | नि:शुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

access partners
**access partners pvt. ltd.**
Govt. Lic. No. 1520/074/075
Baneshwor, Kathmandu | Contact: 01-4105010, 9851322444, 9801179555
Email: info@accesspartners.com.np | www.accesspartners.com.np

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी: ICHIKOH (MALAYSIA) SDN. BHD. शहर: SEMBILAN पुनविज्ञापन
पूर्व स्वीकृत मिति: २०७६/१०/२८ चलानी नं.: ६०१५१५२४ LT. No.: 232863

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 41 | 0 | स. काममा दक्ष | 1200 | ३४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा भदौ १८ गते (1 Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Morgen Global Hr Consultancy Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. २११/०५७/०५८
Maharajung, Kathmandu, Nepal, Email: admin@morgenglobalhr.com
Tel.: 4416085, 4419885, Mob.: 9843817530, 9823275417

**मलेशियामा रोजगार** HL-MANUFACTURING INDUSTRIES SDN. BHD., JOHOR
पुर्व स्विकृति मिति: 2079.05.08 चलानी नं. ६०१८६०३६ LT No. 270174

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 1500 | 42645 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०७९ भाद्र १६ गते (1 September 2022) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

# उर्लाबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

## सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना

**(बेवसाइट मार्फत प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०९)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७८/०७९ च.नं. PMEP/३६३ को मिति २०९/०३/२२ र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं. २०७९/०८० च.नं २४४ को मिति २०७९/०५/०५ को पत्रानुसार यस उर्लाबारी नगरपालिकामा निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१-०७९/०८० | रोजगार सहायक | स्थानीय तहको सेवाको सहायक पाँचौं तह सरह | १ |
| २. | ०२-०७९/०८० | एम.आई.एस. अपरेटर | राजपत्र अनंकित प्रथम श्रेणी | १ |

**आवश्यक न्यूतनम योग्यता र अनुभवः**

१. **रोजगार सहायक पदको लागिः**
(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको,
(ख) दर्खास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
(ग) आधारभूत कम्प्युटर सीप सम्वन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

२. **एम.आई.एस. अपरेटर पदको लागिः**
(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा कम्प्युटर विषय लिई उत्तिर्ण गरेको वा कम्तमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्तिमा ६ महिना कम्प्युटर सम्वन्धी तालिम प्राप्त गरेको ।
(ख) दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,
(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,देवनागरी लिपिमा युनिकोड र अङ्ग्रेजी दक्षतापूर्वक टाइपिङ गर्न सक्ने, Computer, Printer, Scanner, Multimedia लगायतका उपकरणको प्रयोग गर्ने सीप भएको, MS–Office Package को प्रयोग गर्न सक्ने क्षमता भएको,
(घ) इमेल, इन्टरनेट सम्वन्धी, व्यवस्थापन सूचना प्रणाली (MIS) सम्वन्धी र कम्प्युटर मर्मत संभार सम्वन्धी आधारभूत ज्ञान भएको ।

३. **दरखास्त दिने स्थानः** उर्लाबारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, उर्लाबारी-४

४. **दरखास्त दिने अन्तिम मितिः** मिति २०७९।०५।२३

५. **दरखास्त दस्तुरः** रू.५००।- (दुवै विज्ञापनको लागि)

६. **परिक्षाको किसिमः**
(क) रोजगार सहायक :- प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता
(ख) एम.आई.एस. अपरेटर :- प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन, कम्प्युटर सीप परिक्षण र अन्तरवार्ता

७. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू :-** आवेदक स्वयम्ले प्रमाणित गरेका देहाय बमोजिमका कागजातको प्रतिलिपिहरूः नागरिकता, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाण पत्र, अनुभव भए सो खुल्ने कागजात, ३ प्रति पासपोर्ट आकारको फोटो, कम्प्युटर सीपको प्रमाण पत्र,

८. **तलब सुविधा :-** रोजगार सहायक पदको हकमा स्थानीय तहको सेवाको सहायक पाँचौं तह सरह र एम.आई.एस. अपरेटरको हकमा सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ को दफा (२०) बमोजिम हुनेछ ।

९. **करार अवधिः** रोजगार सहायक पदको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा (१२) बमोजिम र एम.आई.एस. अपरेटरको हकमा सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ को दफा (१६) बमोजिम हुनेछ ।

**नोटः** दरखास्त आवेदन फाराम र अन्य जानकारीका लागि उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रशासन उप-शाखामा सम्पर्क राख्न सकिनेछ । रोजगार सहायक पदको कार्य विवरण, पाठ्यक्रम लगायत अन्य जानकारीका लागि www.pmep.gov.np र एम.आई.एस. अपरेटर पदको कार्य विवरण, पाठ्यक्रम लगायत अन्य जानकारीका लागि www.donidcr.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
९ भदौ २०७९, बिहीबार
25 August 2022, Thursday

## सम्पादकीय

# संवेदनशील विषयमा शक्ति स्वार्थ

मुलुकमा चुनावी माहोल सिर्जना भइरहँदा एकसाथ ठूला समस्या दलहरूले अगाडि बढाएका छन् । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरूद्ध लगाइएको महाअभियोग प्रस्ताव, बेपत्ता पारिएका व्यक्तिको छानबीन सम्बन्धी विधेयक र नागरिकता विधेयकलाई एकसाथ अगाडि बढाइएको छ । यी तीनवटै प्रस्ताव यतिबेला राष्ट्रिय चासोको विषय बन्न पुगेको छ । बेपत्ता पारिएका व्यक्तिको छानबीन सम्बन्धी विधेयकबारे अन्तर्राष्ट्रिय चासो देखिएको छ । पश्चिमा देशका राजदूतहरूले शीर्ष नेताहरूसँगको भेटवार्ता बढाएका छन् । नेपाली सेना र प्रहरीले पनि संस्थागत रूपमै यसबारे चासो राखेका छन् । शान्ति प्रक्रियासँग यो विषय सधैं गिजोलिदै आएको छ । तर शक्ति स्वार्थका कारणले अगाडि बढ्न नसकेको यो विषय राष्ट्रिय राजनीतिको चासोको विषय बनेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले यसबारे उत्तेजक अभिव्यक्ति नै दिएका छन् ।

जबराविरूद्धको महाअभियोग प्रस्तावलाई पनि उत्तिकै चासोका साथ हेरिएको छ । गएको फागुन १ गते सत्तारूढ ९८ सांसदले महाअभियोग लगाएपछि जबरा निलम्वित छन् भने सर्वोच्च अदालत कार्यबाहक नेतृत्वबाट चलिरहेको छ । जबराविरूद्धको महाअभियोग प्रस्ताव ६ महिनापछि संसदले अगाडि बढाएको छ । महाअभियोगमा दलहरू विभाजित अवस्थामा छन् । सत्तारूढले लगाएको महाअभियोगलाई विपक्षी एमालेको समर्थन छैन । एमालेको समर्थन नभएसम्म महाअभियोग पारित हुन सक्दैन, तर जबरा फेरि सर्वोच्च फर्कन सक्छन् । सत्तारूढ जबरा सर्वोच्च फर्काउन चाहदैनन्, त्यो मनसाय नराखेरै महाअभियोग प्रस्ताव दर्ता गराएका थिए ।

तेस्रो, तर संवेदनशील विषय नागरिकता विधेयक हो । नागरिकता दिइने जस्तो संवेदनशील विषयमा दलहरू विभाजित छन् । प्रमुख प्रतिपक्ष एमालेले यो विधेयकमा राष्ट्रपति विद्यादेवी भण्डारीलाई साथ दिएको छ । राष्ट्रपति भण्डारीले विधेयक फिर्ता पठाएको स्वागत गरेको एमाले यो विधेयक रोक्ने पक्षमा छ । तर प्रतिनिधिसभाबाट भने विधेयक पुनरावलोकन बहस नगरी पारित गरिसकेको छ, राष्ट्रियसभामा पेश हुने कार्यसूचीमा छ । राष्ट्रियसभामा पनि एमालेको साथ नपाउने निश्चितजस्तै छ । दोस्रोपटक पठाइने विधेयक राष्ट्रपतिले रोक्ने व्यवस्था छैन । त्यसको विकल्पमा राजीनामाकै कार्ड अगाडि सारिएको छ । विधेयक प्रमाणिकरण नगर्ने, बरू राजीनामा गर्ने मूडमा राष्ट्रपति रहेको चर्चा चलेको छ । जबकी अहिले अगाडि बढाइएको तीन वटै विषयमा राष्ट्रिय सहमतिको खाँचो छ । तर अवस्था भने दलीय स्वार्थ हाबी भइरहेको छ । त्यसैले यति गम्भीर विषयलाई दलहरूले हलुका ढंगले लिदा फेरि अर्को संक्रमण उत्पन्न हुन सक्छ । यसतर्फ सजग हुन जरूरी छ ।

# युवा र परिवर्तन

*कुनै क्रान्ति वा आमूल सामाजिक परिवर्तनको आवश्यकता देखियो वा खडा भयो भने त्यतिबेला समाजमा नवयुवाहरूले नै अग्रिम मोर्चामा डटेर परिवर्तनको बाटो र मञ्जिल तय गरेको र सम्हालेको हामी पाउँदछौ । चाहे त्यो राजनीतिक मोर्चा होस्, आर्थिक मोर्चा होस् वा सामाजिक या सांस्कृतिक मोर्चा नै किन नहोस् ।*

अग्रलेख



● लोकनारायण सुवेदी

जब कुनै मोडमा मानव सभ्यतालाई आफ्नो अस्तित्वको लागि नयाँ दिशा दिन पर्ने आवश्यकता पर्दछ, त्यतिबेलाको नेतृत्व विकसित दृष्टिकोण र प्रविधिका साथ युवा पिँढीले गर्ने गरेको पाइन्छ । वास्तवमा कुनै पनि समाजमा बृहत्तर र सुक्ष्मतम् दुवै अग्रगामी परिवर्तनको बीडा उठाउने र जोखिम मोल्ने काम युवा पिँढीले नै गर्ने गर्दै आएको हामी देख्दछौ । हुन पनि युवा मानिसमा विशेष गरी दुई किसिमका महत्वपूर्ण गुणहरु रहेका हुन्छन् नै । पहिलो हो- युवामा यत्तिका उर्जा हुन्छ कि उसले कुनै नयाँ कुरा गरेर देखाउने उत्साह र उत्सुकता बढी नै राख्दछ । दोस्रो कुरा, कुनै मानिस युवा पिँढीमा प्रवेश गर्दै गर्दा, अपवादलाई छोडेर, सामान्यतः जीवनमा त्यत्तिका धेरै हण्डर ठक्कर उसले खाएको हुँदैन र त्यत्तिका बढी निराश बनेको पनि हुँदैन कि कुनै नयाँ काम गर्ने जाँगरै मरेको होस् र कुनै काम गर्ने प्रयास गर्नै छोडिदेओस् ।

यस मनस्थितिको स्पष्ट अर्थ के हो भने युवा पिँढी वा युवामा मूलतः सकारात्मक सोंच र ऊर्जा हुन्छ । यी नै दुइटा गुणले विशेषतः युवालाई परिवर्तनको सम्वाहक बनाउँदछ । अनि यिनै विशेषताका कारणले समाजका जहाँकही पनि कुनै क्रान्ति वा आमूल सामाजिक परिवर्तनको आवश्यकता देखियो वा खडा भयो भने त्यतिबेला समाजमा नवयुवाहरुले नै अग्रिम मोर्चामा डटेर परिवर्तनको बाटो र मञ्जिल तय गरेको र सम्हालेको हामी पाउँदछौ । चाहे त्यो राजनीतिक मोर्चा होस्, आर्थिक मोर्चा होस्, सामाजिक या सांस्कृतिक मोर्चा नै किन नहोस् ।

आज विश्वका कुनै पनि देशले यतिबेला बितेको समयलाई पछाडि छोडेर नवीन ऊर्जाका साथ आफ्नो वर्तमानमा जीवन्त रहेको देखिन्छ भने त्यसको श्रेय अवश्य पनि त्यो देश विशेष वा समाज विशेषको युवा पिँढीलाई नै जान्छ र दिनुपर्दछ । युवा पिँढीको उत्साहप्रद स्फूर्ति, कार्य गर्ने सौर्य र सदीच्छालाई यदि सही दिशा निर्देश र अवसर मिल्दछ भने त्यतिबेला परिवर्तन र अग्रगमनको लागि यो पिँढीले धेरै अभूतपूर्व कार्य सम्पादन गरेर समाजको नेतृत्व गर्दछ, गरेको जीवन्त र सुन्दर इतिहास छ । तर, यो ऊर्जाशील युवा पिँढीलाई गलत दिशामा धकेलियो भने यो पिँढी ठूलो विनाशकारी परिणाम ल्याउन पनि प्रयुक्त हुने गरेको इतिहास छ र त्यसले देश अधोगितको अँध्यारोमा फँसेको कुरा पनि इतिहासको अध्ययन अबलोकनबाट प्रष्ट हुन्छ ।

हामीले हाम्रै देशको आधुनिक इतिहासलाई मात्र पनि सर्सरी हेर्‍यौं र केलायौं भने विगतदेखि अहिलेसम्म विशेषतः यही युवा पिँढीले नेपालको अस्तित्व कायम राख्न र परिवर्तनको आन्दोलनलाई अघि बढाउन अत्यन्तै महत्वपूर्ण भूमिका खेलेको र योगदान दिएको पाउँदछौ । मध्ययुगीन राणाशाही तानाशाहीका विरुद्ध सामाजिक विभेद र विषमताको अन्त्य, तथा सामाजिक मुक्ति र प्रगतिको निमित्त जुन सुन्दर सपना साँचेर हाम्रो युवा पिँढी विगतदेखि शतत् सघर्ष गर्दै आयो, त्याग, साहस, समर्पण र बलिदानको बाटो समात्यो त्यो अविष्मरणीय छ । चाहे हामी लखन थापाको कुरा गरौं, योगमायाको कुरा गरौं, प्रचण्डको गोर्खाको कुरा गरौं, या नेपाल प्रजापरिषदको कुरा गरौं या नेपाली कांग्रेस वा नेपाल कम्युनिष्ट पार्टी स्थापना र संघर्षको कुरा गरौं युवा समुदायका अग्रज सचेत व्यक्ति र व्यक्तित्वहरुको अविस्मरणीय सत्यनिष्ठ, योगदान, त्याग र समर्पणको उज्वल परम्परा रहेको इतिहास हामी देख्दछौ । युवा शक्तिले इतिहासलाई सही बाटोमा डोर्‍याएको बेला नेपालमा परिवर्तनको सपना साँचो र जीवन्त बनेर खडा भएको छ भने युवा पिँढीले बाटो बिराउँदा या गलत दिशामा धकेलिँदा नेपाल पछि धकेलिएको र अल्मलिएको तथा अविश्वासको अनुपयुक्त वातावरण सिर्जना भएको स्थिति पनि विकसित हुने गरेको देखिँदै आएको छ ।

त्यसैले, युवा पिँढी र यसको युवा उर्जालाई सही बाटो देखाउनु अत्यावश्यक छ । अन्यथा समाजले सूनौलो भविष्य गुमाउने र पछि पर्नेछ । त्यसैले, आज युवा जनसंख्याको मामिलामा हाम्रो देशलगायत जुन देशहरु अगाडि छन् तिनीहरुले यो उर्जाशील शक्तिलाई सही दिशा र गति दिन सकेनन् भने उनीहरुलाई पुनः यो सुन्दर भविष्य निर्माणको अवसर मिल्ने छैन । हाम्रा अर्थविज्ञहरु हाम्रो युवा जनसंख्यालाई हेरेर देशको विकासको उत्तम मौका यही दशकको भनेर भनिरहेका छन् । तर, हामीले हाम्रा युवाहरुलाई कसरी नेतृत्व गरिरहेका छौं यो आजको



*विज्ञान र प्रविधिलाई युवा पिँढीसँग र युवा पिँढीलाई कृषि, उद्योग, विद्युतीकरण, पर्यावरण तथा सामाजिक उत्तरदायित्वसहितको शिक्षा र स्वास्थ्यसँग नयाँ उचाईका साथ अघि बढाउन पुराना सन्दर्भहीन उत्पादन सम्बन्ध र उत्पादन पद्धतिबाट मुक्त हुनै पर्दछ । अन्यथा, इन्टरनेट ज्ञानले पनि समस्या समाधान दिन सक्दैन र एउटा बिलाश र सोखको वस्तु मात्र भएर सीमित हुन पुग्दछ । अहिलेसम्मको चिन्तन, चरित्र र व्यवहारले दर्शाएको अनुभवको महत्वपूर्ण निचोड यही नै हो ।*

अत्यन्तै महत्वपूर्ण यक्ष प्रश्न बनेर खडा भएको छ । यसको उत्तर कस्तो आउँदछ मूलतः त्यसले नै हाम्रो भविष्य सही गलत कुन दिशामा छ भन्ने कुरा निर्धारण गर्दछ ।

यसमा निश्चय नै कुनै दुई मत छैन कि नेपालको युवा शक्ति सकारात्मक सोंच राख्ने परिवर्तनकामी शक्ति मात्रै होइन, मेहनती र इमानदार शक्ति पनि हो । अनवरत काममा लागिरहने जीवन्त कुरामा विश्वास गर्ने शक्ति पनि हो । सामाजिक कार्यमा पनि सक्रियतापूर्वक सहभागि हुने र हुँदै आएको शक्ति पनि हो । तर, दुर्भाग्य हामीले देशमा हुँदै आएका राजनीतिक परिवर्तन पछि युवा शक्तिलाई देशको विभिन्न क्षेत्रमा सही नीति, योजना र कार्यक्रमका साथ प्रयुक्त गर्न सकेनौ र सिकेनौ । बरु विदेश पलायन हुन, गराउन विभिन्न किसिमले प्रोत्साहित गर्दै र प्रश्रय दिँदै आयौं । फलस्वरुप आज हाम्रा युवाहरु अधिकाशतः खाडी, मलेशिया, कोरियालगायत विश्वका विभिन्न देशमा छरिएर रहेका छन् । उनीहरुको जीवनको एउटा महत्वपूर्ण उद्देश्य कामको खोजीमा अर्थात् रोजगारीका लागि विदेश जानु नै रहेको हुन्छ । अनि हाम्रो राष्ट्रिय आम्दानीको एउटा महत्वपूर्ण हिस्सा करीब २८ प्रतिशत विदेशबाट प्राप्त विप्रेषण हुन्छ र हामी त्यसमा ठूलो गर्व पनि गर्दछौं । भलै त्यो विप्रेषण पुनः अरु कुनै देशमा त्योभन्दा बढी परिमाणमा प्रवाहित किन भइरहेको नहोस् !

वास्तवमा हामीले युवा शक्तिलाई देश र जनताप्रति सत्यनिष्ठाका साथ समर्पित भएर सुझबुझतापूर्वक लाग्ने वातावरण बनाएनौ । बरु उत्ताउलो, हाहा हुहु गरेर सत्ता वा त्यसको वरिपरी घुम्ने खालको बनाउने काम गर्‍यौं र गरिरहेका छौं । यस क्रममा युवा पिँढीको एउटा तप्कालाई रातारात कमाउने भ्रष्ट प्रवृत्तिको बनाउन हामीले बाँकी राखेनौं । त्यसको दुष्परिणाम आज हामी राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक हरेक क्षेत्रमा देखिरहेका छौं र सुन्दर भविष्य निर्माण गर्ने दीगो आधार तयार गर्नेभन्दा पनि 'जो हात सो साथ'को बाटो लाग्न प्रेरित गरिरहेका छौं । युवाहरुलाई सचेत किसिमले धैर्यवान, सौर्यवान र सच्चरित्रवान बनाउनेतिर हामी लागेनौ र लाग्ने कुनै सकेत पनि देखाइरहेका छैनौं ।

'सत्य केही होइन, सत्ता सबै थोक हो' भन्ने कुरा नै आजको हाम्रो सपना, विपना र जपना बनेको छ । यो 'दुई नम्बरी काम गरेर रातारात धनी बन्ने' प्रवृत्तिकै राजनीतिक आयाम नै हो । पछिल्लो परिवर्तन पछि संविधान आएयता सम्पन्न तीन तहको चुनाव र दोस्रो चरणको स्थानीय तहको चुनावको बेला पनि यो प्रवृत्तिले धेरै नै प्रभाव पार्‍यो । त्यसले चुनावमा धान्नै नसकिने सीमाहीन खर्च भएको मूल प्रवाहका सबै दलहरु र तिनका नेताहरुले भन्न बाँकी पनि राखेनन् । तर, त्यस्तो पैसा कसरी कहाँबाट आयो र खर्च भयो भन्ने प्रश्न भने उठाएनन् । यस्तो प्रवृत्तिले आक्रान्त भएको शक्ति, संगठन, समूह कसैले पनि देश र जनताको साझा लक्ष्य, समुन्नति र समृद्धिको प्रतिनिधित्व गर्न सक्दैन । बरु यस्तो प्रवृत्तिले निहीत स्वार्थ भएको सानो समूहलाई नै क्रियाशील तुल्याउन सहयोग पुर्‍याउँदछ । जुन सामाजिक अधपत्तको बिल्कुलै गलत बाटो हो ।

निश्चय नै विज्ञान र प्रविधिको द्रूत विकासको हिसाबले भन्ने हो भने अहिलेको युग 'इन्टरनेट पिँढी'को युग हो । ई-ज्ञान, ई-काम र ई-आर्जनको आजको यो एक्काइसौं सदीको तेस्रो दशक आरम्भ भइसकेको युगमा हामीले युवा समुदायलाई कस्तो बनाउनु र प्रस्तुत गर्नुपर्दछ यस दिशामा गम्भीर भएर सोंचेनौ र सिकेनौ भने नेपाल र नेपाली जनसमुदायले विग्रह र विनाशको ठूलो बोझ बोकेर दशकौं बरालिनु पर्ने स्थितिबाट मुक्त हुन सक्ने छैन । यो आजको ज्वलन्त र तीतो सत्य हो । यद्यपि वर्षौं वर्षदेखि नेपाली समाजमा भए रहेका अर्थ-राजनीतिक तथा सांस्कृतिक-सामाजिक विकृति र बिसंगतिहरुलाई रातारात 'छु मन्तर' गरेर हटाउन सकिन छैन नै । तर, जागरुप, अनुशासित, संगठित र संघर्षशील युवाहरुले त्यस्ता बिसंगतिहरुको अन्त्य गर्ने बिडो उठाउनु पर्ने आवश्यकता छ । निश्चय नै इन्टरनेटको जमानको युवा पिँढी हरेक काम 'कम्प्यूटर'ले जस्तै वैज्ञानिक ढंगले छिटो, छरितो र किफायती किसिमले गर्न चाहन्छ । यसो गर्नु, गराउनु आजको युगीन आवश्यकता, दायित्व र सही पनि हो ।

तर, जबसम्म आजको 'इन्टरनेट' र 'कम्प्यूटर'लाई देशको कृषि, उद्योग, विद्यूतीकरण र पर्यावरणसँग अर्थात् आम जनताका ज्वलन्त साझा सरोकारसँग गाँसेर त्यसलाई बहुसंख्यक जनताको हितमा लैजान वैज्ञानिक, सामयिक र परिणामदायी ढंगले प्रयुक्त गरिँदैन तबसम्म समाजमा व्याप्त विभेद, बिषमता, विभाजनकारी प्रवृत्तिको अन्त्य गर्न सकिने छैन । अपवादलाई उदाहरण बनाएर सन्तोष मान्न सकिएला तर, त्यो समाधानको मूल बाटो होइन । मूल बाटो त युवाहरुलाई जगाउने, उठाउने र सही बाटो लगाउने नै हो । विज्ञान र प्रविधिलाई युवा पिँढीसँग र युवा पिँढीलाई कृषि, उद्योग, विधुतीकरण, पर्यावरण तथा सामाजिक उत्तरदायित्वसहितको शिक्षा र स्वास्थ्यसँग नयाँ उचाईका साथ अघि बढाउन पुराना सन्दर्भहीन उत्पादन सम्बन्ध र उत्पादन पद्धतिबाट मुक्त हुनै पर्दछ । अन्यथा, इन्टरनेट ज्ञानले पनि समस्या समाधान दिन सक्दैन र एउटा बिलाश र सोखको वस्तु मात्र भएर सीमित हुन पुग्दछ । अहिलेसम्मको चिन्तन, चरित्र र व्यवहारले दर्शाएको अनुभवको महत्वपूर्ण निचोड यही नै हो ।

## सामाजिक सञ्जाल



**- रोशन खड्का**

एउटा सहसचिव स्तरको राजदूतलाई भेटेको फोटो प्रधानमन्त्री भइसकेको नेताले के–के न उपति गरेजस्तो गरेर सामाजिक सञ्जालमा राखेर प्रचार गरिरहेका छन् । अनि तिनैले अरूलाई उपदेश दिन्छन् । यो चाहीँ पटक्कै राम्रो नलाग्ने क्या !



**- गिरिश चन्द्र लाल**

तराई मधेसका बासिन्दाहरू, जसले बिना कुनै सुरक्षा उपकरणहरूको आफ्नो देशको सीमाना जोगाई बसी रहेछन् । आफ्नो देशको सीमाना जोगाई बसिरहेका त्यस्ता नागरिकलाई पटक–पटक विदेशी इत्यादि नचाहिँदा शब्दहरूले वेइज्जत गर्नु राष्ट्रवाद होइन । यस्ता गलत शब्दहरूले हाम्रो देशलाई कमजोर पार्ने काम गरी रहेको छ ।




**- सुदीप खनिया**

बितेका ३० वर्षमा कति वटा अस्पताल खोल्यौँ, कति वटा दरबन्दी थप्यौँ, डाक्टर र नर्स कति बनायौं ? कुन दिन उनका सेवा सुविधाको बारेमा बहस गर्‍यौँ ? भैगो, कति वटा प्लस टु सरकारी कलेज खोल्यौँ ? शिक्षा र स्वास्थ्य कुरा कता गर्‍यौँ ? र एक्कासि राष्ट्रवादको भेल कहाँबाट, किन र कुन उद्देश्यले उर्लिएर आयो ?



**- सुजन खनाल**

फुटपाथ भएन भनेर रोइलो गर्ने अनि फुटपाथ कब्जा गरेर बस्नेविरूद्ध उत्रिँदा फेरि बिरोध गर्ने । पार्किङ्ग अस्तव्यस्त भयो भन्ने, अनि पार्किङ हडप्नेविरूद्ध उत्रदा फेरि विरोध गर्ने । यो दुइजिब्रे, दही चिउरे प्रवृत्ति घातक छ । बालेनले लिएको एक्सन ठिक छ । उनलाई समर्थन छ ।



**- मानवी पौडेल**

कामनपा मेयरले कामै गरेन भनेर रूवाबासी पनि गर्ने अनि नेताका दैलो चाहारेकै आधारमा र पार्टीमा लागेकै भरमा जे पनि गर्न सकिन्छ भन्ने सोंच बोक्नेहरूलाई नियमन गर्न खोज्दा गोहीका आँशु चुहाउन छोडे हुन्न ? त्यसमा पनि बिरोध नै गर्नुछ भने सञ्जालमा नियम कानुनका पाठ पढाउन छोड्ने हो है मान्यवर !

# वादले जकडिएको राजनीति र स्वतन्त्रको उदय

विचार



● रामहरि सिमखडा

नेपालको राजनैतिक इतिहासमा १०४ वर्षीय जहाँनिया राणा शासनको अन्त्यसँगै २००७ सालबाट नेपाली राजनीतिमा यो वा त्यो नाममा वादहरु भित्रिए । राजावादीदेखि गणतन्त्रवादी हुँदै करिब ७४ वर्षसम्म यो र त्यो बहानाको ललिपप देखाउँदै सोझा जनतामाथि राजनैतिक दलका नेताहरूलाई एक छत्र शासन चलाए । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्ति पछिको पहिलो निर्वाचनबाट उदाएका रेशम चौधरी, बबन सिंहहरूलाई वादविरुद्धको बाछिटाको रूपमा मात्र हेरि उनीहरूको आवाजलाई नजर अन्दाज नगर्दा दोस्रो स्थानीय निर्वाचन २०७९ सँगै विभिन्न वादको माला जप्ने नेता र तिनका कार्यकर्ताहरूलाई राम्रै झट्का लागेको पाइन्छ । विभिन्न वादको पछाडि लाग्ने अनि तिनै वादको उद्‌गम स्थलतिरको मात्र फाइदाको पछाडि लाग्ने परिपाटीले स्थानीय निर्वाचनमा देशको मूख्य राजधानी काठमाडौंबाट मेयरको रूपमा नेता बालेन शाहको उदय भएको छ । त्यस्तै, देशको अर्को मूख्य शहर धरान उपमहानगर पालिकामा पनि हर्क साम्पाङ राई मेयरको भूमिकामा उदाएका छ । बालेन र हर्कसँगै देशका विभिन्न भागबाट वादको विस्थापन गर्न स्वतन्त्ररूपले उम्मेदवारी दिएका र जित हासिल गरेका व्यक्तिहरूको जमातले पनि नेपालमा विभिन्न वादको विस्थापन जरुरी रहेको छ भन्ने कुराको पुष्टी गरेको छ ।

*आज वादले जकडिएको राजनीतिमा बालेन र हर्कजस्ता आशाका किरणहरू देखिएका छन् । उनीहरूले वादको राजनीति होइन, जनताको अपेक्षाअनुसार काम गर्नुपर्छ भनेर सुरूवात गरेका छन् । तर, उनीहरूलाई असफल बनाउन वादले जकडिएका राजनीतिक समूह लागि परेको छ । जुन निकै दुर्भाग्यपूर्ण छ । जनताले यसलाई परार्स्थ गरेर अगाडि बढ्ने आँट गर्नुपर्छ ।*

आज धेरैभन्दा धेरै महत्व राख्ने स्थानीय तहमा स्वतन्त्ररूपमा उठेका व्यक्तिहरू निर्वाचित भएसँगै आफ्नो व्यक्तिगत स्वार्थ नातावाद/कृपावादभन्दा पनि देश र जनताको लागि केही गर्नुपर्छ भन्ने तरिकाले काम गरेको पाइन्छ । गैरराजनैतिक व्यक्ति भएकै कारण अघिल्लो निर्वाचनमा निर्वाचित व्यक्तिहरूले ल्याएकोभन्दा राम्रा कार्यक्रम र परिणाममूखि कामको सुरुवात गरेतापनि वाद विरोधी व्यक्तित्व र कुनै राजनैतिक आड भरोसा नभएकै कारण काममा अवरोध खडा गर्ने विभिन्न प्रकारका समस्यामात्र देखाउने व्यक्ति वा दलहरूलाई राजनैतिक तहबाटै ढाकछोप गरेको पाइन्छ । राजनैतिक आडमा विभिन्न प्रकारका ठेक्का पट्टा हात पारि ठूलो लाभ लिइरहेका नेता र तिनका कार्यकर्ताहरू नै यसको विरुद्धमा लागेको पाइन्छ । स्वतन्त्ररूपमा उठी बृहत्तर जनताका हितका लागि देश तथा विदेशमा रहेका धेरैभन्दा धेरै स्वतन्त्र व्यक्ति तथा कुनै पनि राजनैतिक दलको सदस्य भएतापनि आफ्नो मातृभूमिलाई माया गर्नुपर्छ नेपाल आमाको शीर उच्च बनाउनुपर्छ । जसरी विकसित देशको बारेमा विश्वजगतले चासो लिइरहेको हुन्छ, त्यसैगरि हाम्रो देश नेपाललाई पनि त्यही दाजोमा पुर्‍याउनुपर्छ भन्ने ठूलो जमातको अपार माया र समर्थन रहँदा रहँदैपनि गैरराजनैतिक व्यक्ति भएकै कारण नेपाली जनताले आशा र भरोसा राखि जिताएका आशाका किरणहरूमा तुसारा पातलाग्ने संकेत देखिएको छ ।

देश र जनताको लागि अहोरात्र खटि पत्रकारिताको माध्यमबाट आफ्नो छुट्टै पहिचान बनाएका व्यक्ति रवि लामिछाने, धरानका मेयर हर्क साम्पाङ् राई, काठमाडौंका बालेन शाह र देशका विभिन्न ठाउँबाट स्वतन्त्र रूपमा उठी जित हासिल गर्न सफल उम्मेदवारहरूलाई कसरी सिध्याउने भनी लागेको देखिन्छ । देश र जनताप्रति पूर्ण बफादार भई आफ्ना व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिँदै देशको विकास नै सर्वोपरि ठान्ने ठूलो जमातलाई मूख्य भनिएका दलका नेता तथा कार्यकर्ताबाट असहयोग गरिएको छ । जसले आशाका किरणहरुमा तुसारापात लागेको अनुभूति हुन्छ ।

# संसद्ले गति लियो सभामुख सापकोटा

**चौतारा/मस-** सभामुख अग्निप्रसाद सापकोटाले राजनीतिक सहमतिका आधारमा गतिरोध अन्त्य भई संसद्ले गति लिएको बताएका छन् । सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा रहेको चौतारा बहुमुखी क्याम्पसको २२ औं वार्षिकोत्सव कार्यक्रममा उनले पुनःस्थापित सदनबाट नै विभिन्न विधायक पास हुँदै समस्या समाधान भएको बताए ।

सो अवसरमा सहभागी वक्ताहरूले चौतारा बहुमुखी क्याम्पस जिल्लामै उदाहरणीय रहेको जनाउँदै अझ प्रगतिको कामना गरेको थियो । क्याम्पसका प्राचार्य नगेन्द्रप्रसाद दंगालले वार्षिक प्रतिवेदन पेश गर्दै क्युएए प्राप्तिको बाटोमा क्याम्पस रहेको उल्लेख गरे । उनले पुस्तकालय व्यवस्थापनदेखि अनुसन्धानमूलक कार्य र प्रयोगात्मक शिक्षामा जोड दिँदै जाने बताए ।

# कालीकोटमा चार दिनदेखि विद्युत् अवरुद्ध

**कालीकोट/मस-** कालीकोट जिल्लामा चार दिनदेखि विद्युत् अवरुद्ध भएको । आइतबारदेखि गएको विद्युत् सेवा आजसम्म आउन सकेको छैन । विद्युत् सेवा अवरुद्ध हुँदा यहाँका नागरिक, सरकारी कार्यालय, सेवाग्राही र सञ्चारमाध्यमले सास्ती खेप्नु परेको छ ।


दैलेखको आठबिस नगरपालिकाकामा माथिल्लो कर्णाली जलविद्युत् परियोजना निर्माणका लागि कालिका सामुदायिक वन र सल्लेरी सामुदायिक वनमा रुख कटान गर्दा १४ पोलमा क्षति भएकाले विद्युत् सेवा अवरुद्ध भएको कालीकोट वितरण केन्द्रका प्रमुख नारायणप्रसाद पौडेलले जानकारी दिए । उनले भने, 'विद्युत् सेवालाई सुचारु गर्न रुखले पुऱ्याएको क्षति र तारमा आएको समस्याले निकै कठिन भइरहेको छ ।'

जिल्लामा गत आर्थिक वर्ष दैलेखको दुल्लु हुँदै कालीकोट विद्युत्को राष्ट्रिय प्रसारण लाइन पुगेको थियो । विद्युत् सेवा अवरोध हुँदा सबैभन्दा बढी सामुदायिक रेडियोहरु मारमा परेको छ ।

सामुदायिक रेडियोहरूले आफ्नो प्रसारण समयसमेत कटौती गर्नुपरेको रेडियो नयाँ कर्णालीका स्टेशन म्यानेजर भरतराज विष्टले बताए । 'वैकल्पिकरूपमा हामीले सौर्य ऊर्जाको प्रयोग गर्दै आएका थियौं । बर्सातका कारणले घाम नलाग्ने भएकाले त्यो माध्यममा समस्या आएको छ ।' उनले भने, 'विद्युत् नहुँदा दैनिक १६ घण्टा प्रसारण हुने रेडियोलाई १० घण्टामा सीमित गरेका छौं ।'

विद्युत् सेवा अवरुद्ध हुँदा बैंकिङ सेवा र सरकारी कार्यालयमा समस्या सेवा लिन आउने सेवाग्राही पनि मर्कामा परेका छन् ।

# विपन्न परिवारका दुई जनालाई निःशुल्क प्राविधिक शिक्षा



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ८ भदौ

गोठपाँडा कृषक सहकारी संस्थाले नारायण नगरपालिका भित्रका दुई जनालाई निःशुल्क प्राविधिक शिक्षाको व्यवस्था गरेको छ ।

गोठपाँडा कृषक सहकारी संस्थाले नगरपालिका भित्र पर्ने ११ वडाका विपन्न तथा अशक्त दुई जनालाई छनोट गरी निःशुल्क प्राविधिक शिक्षाको व्यवस्था गरेको हो । सहकारीका व्यवस्थापक दिनेश थापाका अनुसार आर्थिक अभावले अध्ययनलाई अगाडि बढाउन नसक्ने परिवारका बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको हो । उनीहरुले सहकारीको आर्थिक सहयोगमा पूर्ण छात्रवृत्तिमा प्राविधिक शिक्षा अध्ययन गर्न पाउने व्यवस्थापक थापाले बताए ।

# मलामी गएका पुरुष बेपत्ता

**दिपक राज भट्ट/मध्यान्ह**
डेल्धुरा, ८ भदौ

डडेल्धुरामा मलामी गएका एक जना सेती नदीमा बेपत्ता भएका छन् । जिल्लाको अमरगढी नगरपालिका-९ पनौलीका ५० वर्षीय चेतबहादुर साउँद डोटीको शिखर नगरपालिका-१० गहनानस्थित सेती नदीमा बेपत्ता भएका हुन् । बेपत्ता साउदँको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रहरी नायब उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए । उनको खोजीमा सशस्त्र प्रहरी बलको टोली पनि खटिएको छ ।

उनी जिल्लाको अमगरगढी नगरपालिका-१० मा रहेको सहश्रलिंग माविमा कार्यरत लेखापाल भक्तबहादुर साउँदको मलामी गएका थिए । लेखापाल साउँदको बुधबार विद्यालयमै निधन भएको थियो । बिहान विद्यालय पुगेपछि अचानक रिँगटा लागेर ढलेका ३० वर्षीय साउँदको अस्पताल लैजाँदै गर्दा निधन भएको थियो ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०९

यस कम्पनीको मिति २०७९।०५।०१ को विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८।०५।०६ को निर्णयबाट **ई. एन. सी. होलिडेज प्रा.लि.** को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने दायित्व आदी परिवर्तित नामको कम्पनीले तिर्ने व्यहोर्ने गरि साविकको नाम **ई. एन. सी. होलिडेज प्रा.लि.** परिवतन गरी **नमस्ते टुरिजम एण्ड होलिडेज प्रा.लि.** कायम भएको हुँदा सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## कालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल

### सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०९)

यस कालिका गाउँपालिकाको लागि तपसिलको पदहरुमा देहाय बमोजिमको संख्या र योग्यता भएका कर्मचारी करार मा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिनभित्र कार्यालय समय भित्र तोकिएको राजस्व तिरेको नगदी रसिदसहित दरखास्त दिन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फारम, दरखास्त दस्तुर, कार्यविवरण,पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण यस कार्यालयको वेवसाईट http://kalikagaupalika, rasuwa बाट उपलव्ध हुनेछ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | सेवा करार गरिने पद | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | 03/2079–80 | पशु चिकित्सक | १(एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उत्तिर्ण गरेको र परिषदमा दर्ता भएको |
| २. | 04/2079–80 | कृषि स्नातक | १(एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक उत्तिर्ण भएको । |

१. **दरखास्त दिने स्थान** :- कालिका गाउँ कार्यपालिकाको कार्यालय, धैबुङ, रसुवा ।
२. **आवेदन दिने अन्तिम मिति** :- २०७९/०५/१५ गते
३. **परीक्षा दस्तुर** :- रु रु १,०००/- (एक हजार मात्र) (एक हजार मात्र)
४. **छनौटको किसिम** :- लिखित परीक्षा तथा अन्तर्वाता ।
५. **आवेदनका साथमा संलग्न कागजातहरु** :- आवेदक स्वयंले प्रमाणित गरेको देहायका कागजातको प्रतिलिपिहरु
क). नागरिकता
ख). न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग). चारित्रिक प्रमाणपत्र
घ). कामसँग सम्बन्धित अनुभव भए सो को कागजात
ङ). परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा मात्र)
च). २ प्रति फोटो
६. **सेवा सुविधा** :- स्थानीय तहमा अधिकृत स्तर छैटौ तहको शुरु स्केल ।

**(शितल बहादुर रावल)**
प्रमुख प्रशासकीय अधिकृत


## वैदेशिक रोजगारको सूवर्ण अवसर ।

### 1. Facilities Management & Maintenance — QATAR
पूर्व:स्वीकृति मिति : २०७९/०३/२० | LT.No: 266404 | चलानी नं.६०१८२५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलव QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 50 | 50 | सम्बन्धित काममा दक्ष | 1000 | ३५००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

### 2. Kuwait Food Co. (Americana) — UAE
पूर्व:स्वीकृति मिति : २०७९/०३/३१ | LT.No: 267371 | चलानी नं.६०१८३३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलव AED | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 50 | 150 | सम्बन्धित काममा दक्ष | 1200 | ४०८०० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखिकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सर्म्पक राख्नुहोला । ८) छनौट भई भिसा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिसा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०७९ भाद्र १६ गते यस प्रा.लि. को कार्यालय महाराजगञ्जमा हुनेछ ।

**अल-आसमाक्स कम्पनी प्रा. लि.**
महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३
Email : recruitment@asmacs.com.np
श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५
www.jobs4hunt.com is the road to your succes in your carrer

## यूएईमा रोजगारको अवसर | कम्पनी : MAX SECURE SECURITY SERVICES LLC, शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७९/०५/०८ | चलानी नं.: ६०१८६०४६ | LT. No.:269990

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 50 | स. काममा दक्ष | 1600 | ५५,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १६ गते (1 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Baba Human Resource Management Pvt. Ltd.**
नयाँ बानेश्वर, काठमाडौं, फोन : ०१–४७९२४८२, ४७९२५४९
E-mail : babahrmgt@gmail.com
Govt. Lic. No. 1367/074/075
Pokhara Branch Office:061-590736 | Itahari Branch Office: 02-5587645.

## ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

रोजगारदाता कम्पनी : होन्सी एपेरल एसडिएन. बिएचडि.
Employer Company : HONSIN APPAREL SDN.BHD.
पूर्व स्वीकृत मितिः २०७९/०५/०८ | चलानी नं: ६०१८६०२३ | एल टि नं : २७०१९६
Pre Approval Date: 2022/08/24 | Invoice No.: 60186023 | LT No. : 270196

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator| Free Transportation | Accommodation & food from Hometown to Airport!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! घर देखि एयरपोर्ट सम्म निःशुल्क यातायात, खाना र आवास !

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | १०० 100 | 0 0 | आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic English | १५०० 1500 | ४२,६०० 42,600 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले व्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु. ५,०००/- रोजगारदाताले व्यहोर्ने NPR 5000/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

बेबी एन्जल इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट बेबी एन्जल इन्टरनेशनलले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
Baby Angel International Pvt. Ltd. does not have any branch or mediator representative. Baby Angel Intl. is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ । (Pre Interview is on Going)
फाईनल अन्तर्वार्ता बेबी एन्जल अफिस, एरपोर्ट, काठमाडौंमा २०७९ भदौ १६ गतेमा हुनेछ ।
Interview will be held at Baby Angel Intl. Office, Airport, Kathmandu on 1 September 2022.

अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् /Beware of Illegal Recruiters
कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध बेबी एन्जल इन्टरनेशनल प्रा.लि.को हटलाइन नं +९७७ ०१–४४६१३५३ मा वा ईमेल babyangelintl@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौँ ।
Feel free to report against fraud, illegal activities or corruption in Baby Angel Intl.'s Hotline +977 01-4461353 or email at babyangelintl@gmail.com . We shall maintain your confidentiality.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस बिज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुबिधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.बिदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. बिदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा बिदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**Baby Angel International Pvt. Ltd.**
Airport (near prakash sanyash ashram) Kathmandu, Tel : 4461353, 446117
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np
License No. 940/067/068

## मलेसियामा रोजगार | कम्पनी : UPI PLASTIC INDUSTRIES SDN BHD, शहरः RAWANG
पूर्व स्वीकृत मितिः २०७९/०५/०८ | चलानी नं.: ६०१८६०३९ | LT. No.: 270195

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Workers | 35 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १६ गते (1 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Damaru Resources Pvt. Ltd.**
Gairigaon, Tinkune (Between Annapurnapost and Bajaj Showroom), Kathmandu
Ph: 4112433, 4112438 Mobile: 9801142427, 9801142429
E-mail: mohandamaru@yahoo.com, damaruresources61@gmail.com,Web: www.damaruhr.com
Gov. Lic. No. 508/061/062

## UAE मा रोजगार | कम्पनीः ETIHAD INTERNATIONAL HOSPITALITY (EIH) L.L.C.-SOLE PROPRIETORSHIP L.L.C., शहरः UAE
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ | चलानी नं.: ६०१७४०२८ | L.T. No.: 254805 | पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 247 | 150 | स. काममा दक्ष | 800 | २७,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १६ गते (1 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## कतार र साउदीमा रोजगार | १. कम्पनीः SEMSEMA FOR BREEDING, शहरः Qatar,Doha
पुर्व स्वीकृत मितिः २०७९/०५/०७ | चलानी नं.: ६०१८५९४२ | L.T. No.: 270031

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५९,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Genral Cleaner | 22 | 0 | | 1000 | ३४,८४० | | | | | | | |
| 3. | Veterinary Assistant | 1 | 0 | | 2500 | ८७,१०० | | | | | | | |

२. कम्पनीः SULTAN MUHAMMED HUSSAIN AL-HASSANI LUBRICATING OILS EST, शहरः Jeddah
पुर्व स्वीकृत मितिः २०७९/०५/०८ | चलानी नं.: ६०१८६०५४ | L.T. No.: 268697

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lubricated And Lubricated Vehicles | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १६ गते (1 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको निःशुल्क साउदीको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## मलेसियामा रोजगार | कम्पनीः LYC AUTOSPA CENTRE SDN.BHD., शहरःPAHANG
पूर्व स्वीकृत मितिः २०७९/०५/०८ | चलानी नं.: ६०१८६०३२ | LT. No.: 270216

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 24 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १६ गते (1 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## UAE मा रोजगारको अवसर | कम्पनी : SAPTAKOSHI CLEANING SERVICES, शहर : AJMAN
पूर्व स्वीकृत मितिः २०७९/०२/०६ | चलानी नं.: ६०१७९४५८ | LT. No.:263298 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 31 | 0 | | 900 | ३१,२३९ | | | | | | | |
| 3. | Marketing Manager | 0 | 1 | | 3000 | १,०४,१३० | | | | | | | |
| 4. | Painter Assistant | 1 | 0 | | 1200 | ४१,६५२ | | | | | | | |
| 5. | Tile Layer | 3 | 0 | | 1200 | ४१,६५२ | | | | | | | |
| 6. | Welder | 1 | 0 | | 1200 | ४१,६५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १६ गते (1 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

